मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ १८ गते आइतबार ❑ 1 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## प्रतिनिधिसभा निर्वाचन: वास्तविक मतपत्रको नमूना सार्वजनिक गर्न सुरु

**रासस**
काठमाडौं, १७ माघ

निर्वाचन आयोगले कर्णाली र सुदूरपश्चिम प्रदेशका जिल्लाबाट वास्तविक मतपत्रको नमूना सार्वजनिक गर्न सुरु गरेको छ।

कर्णाली प्रदेशको सल्यान, डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट र रुकुमपश्चिममा एउटा मात्र निर्वाचन क्षेत्र छन् भने दैलेख र सुर्खेतमा दुईवटा निर्वाचन क्षेत्र छन्। ती जिल्लाको वास्तविक मतपत्रको नमूनासमेत सार्वजनिक गरिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले बताउनुभयो। सुदूरपश्चिम प्रदेशको बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी र डडेल्धुरामा एउटा मात्र निर्वाचन क्षेत्र रहेका छन् भने अछाममा दुई, कञ्चनपुरमा तीन र कैलालीमा पाँच निर्वाचन क्षेत्र रहेका छन्। ती सबै निर्वाचन क्षेत्रको वास्तविक मतपत्रको नमूनासमेत आयोगले सार्वजनिक गरिएको उहाँले जानकारी दिनुभयो। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि विभिन्न जिल्ला र निर्वाचन क्षेत्रको मतपत्रको नमूना सार्वजनिक गर्ने क्रम जारी रहेको आयोगले जनाएको छ। आयोगले सातवटै प्रदेश मातहतका जिल्लाका मतपत्रको नमूना सार्वजनिक गरिसकेको छ। आयोगले एउटा मात्र निर्वाचन क्षेत्र भएका जिल्लाको एक प्रकारको र एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको अर्को प्रकारको मतपत्रको नमूना सार्वजनिक गरेको हो। उम्मेदवारको सङ्ख्याका आधारमा पनि मतपत्रको नमूना तयार पारिएको आयोगले प्रस्ट पारेको छ। उम्मेदवार धेरै भएका निर्वाचन क्षेत्रका मतपत्रको आकार तुलनात्मक रूपमा ठूलो र कम उम्मेदवार भएका निर्वाचन क्षेत्रको हकमा भने सानो मतपत्र रहने जनाइएको छ। सबैभन्दा धेरै निर्वाचन क्षेत्र भएको काठमाडौँमा उम्मेदवार पनि बढी भएकाले मतपत्रको आकार ठूलो हुने आयोगका सहायक प्रवक्ता जिसीले बताउनुभयो। आयोगका अनुसार अन्य जिल्लामा पनि वास्तविक मतपत्र क्रमशः सार्वजनिक गर्दै जाने छ। जनक शिक्षा सामग्री केन्द्रले मतपत्र छपाइको काम जारी रहेको जनाएको छ। आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रको छपाइ सम्पन्न भइसकेको जनाएको छ। त्यसैगरी, आयोगले विभिन्न जिल्लाका विभिन्न निर्वाचन क्षेत्रको नमूना मतपत्र तयार पारेर निर्वाचन सचेतनाको कार्यक्रम पनि अगाडि बढाएको छ। मतदाता सचेतना कार्यक्रमका लागि तयार पारिएको नमूना मतपत्र विभिन्न मतदान केन्द्र मातहत पुऱ्याउने काम पनि अगाडि बढेको आयोगका सहायक प्रवक्ता जिसीले बताउनुभयो।

## पुलिसलाई हराउँदै गण्डकीले जित्यो टाइगर कपको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ




गण्डकी प्रदेश भलिवल संघले छैटौं संस्करणको टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लव च्याम्पियनसिप भलिवल पुरुषतर्फको उपाधि जितेको छ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा शनिबार भएको च्याम्पियनसिपको फाइनल खेलमा नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पराजित गर्दै गण्डकीले उपाधि जितेको हो। पहिलो सेट २३-२५ ले गुमाएको गण्डकीले त्यसपछिका तीन सेटमा पुनरागमन जित निकाल्दै उपाधि आफ्नो पोल्टामा पार्न सफल भएको हो।

गण्डकीले दोस्रो सेट २८-२६, तेस्रो सेट २५-२२ र चौथो सेट २५-१७ ले जित हात पार्‌यो। उपाधीसँगै गण्डकीले ६ लाख ६६ हजार ६ सय ६६ रुपैयाँ हात पाऱ्यो। उपविजेता भएको पुलिसले ३ लाख ६६ हजार ६ सय ६६ रुपैयाँमा प्राप्त गऱ्यो। तेस्रो भएको पर्वत जिल्ला भलिबल संघले २ लाख ६ हजार ६ सय ६६ रुपैयाँ प्राप्त गऱ्यो। तेस्रो स्थानका लागि भएको खेलमा पर्वत भलिबलले त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको हो। गण्डकीका मुस्ताफा खान प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित हुनुभयो। उहाँले २६ हजार ६ सय ६६ रुपैयाँ प्राप्त गर्दा प्रतियोगितामा उत्कृष्ट सर्भर अद्नान खान, लिविरो भीमबहादुर गाहा, सेटर बलराम गुरुङ, ब्लकर फहद राज, स्पाइकर फकर वाट्टु, प्रशिक्षकमा रमेश केसी उत्कृष्ट घोषित हुनु भयो। उहाँहरुलाई जनही ११ हजार १ सय ११ रुपैयाँ हात प्रदान गरिएको थियो। महिलातर्फको उपाधि भने न्यू डायमण्ड स्पोर्ट्स क्लबले जितेको थियो। जसमा नेपाल पुलिस क्लब उपविजेता र थाइल्याण्ड क्विन्स तेस्रो भएका हुन्।

विजयी खेलाडीहरुलाई पोखरा महानरपालिकाका मेयर धनराज आचार्यले पुरस्कार वितरण गर्नु भयो। टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा माघ ९ गतेदेखि सुरु भएको च्याम्पियनसिपमा पुरुषतर्फ ६ र महिलातर्फ ५ टोली सहभागी भएको आयोजक संस्थाका अध्यक्ष नारायणप्रसाद शर्माले बताउनुभयो।

## चुनावी सुरक्षा र निष्पक्षता सुनिश्चित गर्न अध्यक्ष ओलीको माग

**रासस**
काठमाडौं, १७ माघ

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सरकारसँग उचित सुरक्षा र निष्पक्षता सुनिश्चित गर्न माग गर्नुभएको छ। एमालेको ओखलढुङ्गा काठमाडौँ सम्पर्क मञ्चले आज काठमाडौँमा आयोजना गरेको चुनावी भेलालाई सम्बोधन गर्दै उहाँले चुनावमा धाँधली वा अवाञ्छित क्रियाकलाप हुन नदिन शान्ति, सुरक्षाको प्रभावकारी व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो। उहाँले जिल्लाको विकास गर्ने र जनताको समस्या बुझ्ने युवा नेत्री अस्मिता थापालाई उम्मेवार बनाएकाले मतदातासँग उहाँलाई मत दिन आग्रह गर्नुभयो। उम्मेदवार थापाले ओखलढुङ्गाका जनताले दिएको मत गलत कार्यमा प्रयोग नगर्ने भन्दै सकारात्मक काम गरेर असल छोरी र असल जनप्रतिनिधिका रूपमा प्रमाणित गर्ने दाबी गर्नुभयो।

कार्यक्रममा एमाले केन्द्रीय सदस्य तथा ओखलढुङ्गा जिल्ला इन्चार्ज यज्ञराज सुनुवारले युवा महिला उम्मेदवार पाउँदा ओखलढुङ्गामा ठूलो उत्साह आएको धारणा राख्नुभयो।

## डिजेल/मट्टितेलको मूल्य बढ्यो, हवाई इन्धनको घट्यो

**रासस**
काठमाडौं, १७ माघ

नेपाल आयल निगमले डिजेल/मट्टिटतेको मूल्य बढाएको छ।

निगम सञ्चालक समितिको बैठकले शनिबार मध्यरातदेखि लागू हुने गरी डिजेल/मट्टितेलमा प्रतिलिटर तीन रुपैयाँ बढाएको हो। मूल्य समायोजनसँगै डिजेल/मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ३६ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १३८ रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ३९ रुपैयाँ कायम भएको छ। निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपोलाई पहिलो वर्ग, सुर्खेत र दाङ डिपोलाई दोस्रो वर्ग र काठमाडौं, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ। निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि उक्त खुद्रा बिक्री मूल्य लागू हुनेछ।

## बदलिएको कांग्रेसले देश बदल्ने सङ्कल्प लिएर अगाडि बढेको छ: सभापति थापा

**रासस**
काठमाडौं, १७ माघ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले बदलिएको कांग्रेसले देश बदल्ने सङ्कल्प लिएर अगाडि बढेको बताउनुभएको छ।

नेपाली कांग्रेस काठमाडौँ क्षेत्र नं ४ ले आज यहा आयोजना गरेको निर्वाचन परिचालन मूल समिति घोषणा समारोहलाई सम्बोधन गर्दै उहाँले देश बदल्नका लागि कांग्रेस बदलिएको बताउनुभयो। "समयक्रमसँगै कांग्रेस नयाँ काम, सोच र सङ्कल्पका साथ अगाडि बढेको छ, कांग्रेसभित्र नेताभन्दा कार्यकर्तालाई बलियो बनाउने अभियान सुरु भएको छ", सभापति थापाले भन्नुभयो। आगामी दिनमा टिकट लिन नेताको घरमा चाहर्ने प्रवृत्तिको अन्त्य हुनेगरी कार्यकर्तालाई बलियो बनाउन लागिएको उहाँको भनाइ थियो। लोकतन्त्र र सामाजिक न्यायको बारेमा कांग्रेसले कसैसँग सम्झौता नगर्ने सभापति थापाले बताउनुभयो। उहाँले आम नागरिकको चाहना सुशासन र भ्रष्टाचारमा शून्य सहनशीलता अपनाओस् भन्ने रहेको बताउँदै बदलिएको कांग्रेसले आम नागरिकको चाहनालाई पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सभापति थापाले विशेष महाधिवेशनले पार्टीभित्र गुट र भागबण्डाको राजनीति अन्त्य गरेको बताउनुभयो।

## कास्की १ मा नेकपाको चुनावी कार्यालय


**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले कास्की क्षेत्र नम्बर १ मा निर्वाचन सम्पर्क कार्यालय खोलेको छ।

नेकपाबाट कास्की क्षेत्र नम्बर १ का उम्मेदवार राजकाजी गुरुङ (करण) लगायतका उम्मेदवारको निर्वाचन सम्पर्क कार्यालय शनिबार स्थापना गरिएको हो।




नेकपा नेता श्रीनाथ बरालले कार्यालय उद्घाटन गरे। नेता बरालले देशलाई विनास हुनबाट जोगाउन नेकपालाई जिताउनुपर्ने बताए। पुराना शक्तिहरु नेपाली कांग्रेस र नेकपा एमालेका कारण देश भयावह स्थितिमा पुगेको दाबी गर्दै उनले थपे, 'नयाँले सम्हाल्ने स्थिति छैन, पुराना निकम्पा बने। नेकपाको नेतृत्वका लागि जित जरुरी छ।' कार्यक्रममा उम्मेदवार गुरुङले देशको निकास र विकासका लागि नेकपाले जित्न आवश्यक रहेको बताए। कास्की क्षेत्र नम्बर १ को विकासमा विगतदेखि वर्तमानसम्म नेकपाका नेताहरुको भूमिका रहेको भन्दै उनले थपे, 'हिजो देव गुरुङदेखि कृष्णबहादुर गुरुङसम्म, दीपक कोइरालादेखि गायत्री गुरुङसम्मले यस क्षेत्रको विकासमा योगदान दिनुभयो, मैले वर्षमान पुन अर्थमन्त्री भएका बेला राजनीतिक सल्लाहकारका रुपमा बस्दा यहाँ ३५ करोड भन्दा बढीका योजना राखेको थिएँ।' उनले विकासको विरासत धान्न पनि कास्की क्षेत्र नम्बर १ नेकपाले जित्नुपर्नेमा जोड दिए। नेकपा गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङले देश बनाउने एकमात्र पार्टी नेकपा भएको विचार राखिन्। नेकपा केन्द्रीय सदस्य दीपक कोइरालाले विकास र समृद्धिको बाहक नेकपा भएकाले तारा चिह्नमा मतदान गरेर गर्न आग्र हगरे। कास्की १ का नेकपाका चुनावी कमान्डर सोमती गुरुङले नेकपाको नीतिमा देश अगाडि बढिरहेकाले नेतृत्व पनि नेकपाले गर्नुपर्नेमा जोड दिइन्। कार्यक्रममा नेकपा केन्द्रीय सदस्य पूर्ण लामा र कल्पना पाण्डेले पनि बोलेका थिए। यसैगरी नेकपा कास्कीले क्षेत्र नम्बर २ मा पर्ने पोखरा ३३ बागमारामा शनिबार सम्पर्क कार्यालय स्थापना गरेको छ। फागुन २१ को निर्वाचन केन्द्रीत गतिविधिलाई सहज बनाउन कार्यालय खोलिएको हो। चुनावी तयारी स्वरुप नेकपाले पोखरा २० मा बैठक आयोजना गरेको छ भने उम्मेदवार थापाले भूमीहीनहरुसँग भेटघाट गरेका छन्। कार्यक्रममा नेकपा नेता श्रीनाथ बरालले नेकपा लोकतन्त्र, कम्युनिष्ट आन्दोलन र राष्ट्रियताको मूलधार भएको बताए। उनले भने, 'यहाँ सशस्त्र युद्धबाट आएको पार्टी र शान्तिपूर्ण राजनीतिबाट आएका सबै छौं, हामी अबको नेपालको नेतृत्व गर्ने ल्याकत राख्छौं।' कार्यक्रममा कास्की २ का नेकपा उम्मेदवार किरण थापाले संकटमोचनका लागि भएको निर्वाचनबाट जनताले उचित नेतृत्व छान्ने विश्वास व्यक्त गरे। 'पुरानाहरुको दुई तिहाइको दम्भले ठूलो विनाश भयो, नयाँ हुँ भनी दाबी गर्नेहरु ठगी आरोपमा मुछिएका छन्, सुकुम्बासी बस्तीमा डोजर चलाइरहेका छन्,' उनले भने, 'यो नयाँ हावाले पनि देशलाई निकास दिँदैन। नेकपासँग मात्र छ अहिलेको समस्याको समाधान।' कार्यक्रममा नेकपा नेताहरु नेत्रनाथ अधिकारी, खड्ग हमाल, समानुपातिक उम्मेदवार ज्ञानु आचार्यले पनि बोलेका थिए। यसैगरी नेकपा कास्की ३ का उम्मेदवार गोपाल गिरी शनिबार बिहान मत माग्न अन्नपूर्ण गाउँपालिका वडा नम्बर ३ र ५ पुगे। शनिबारै नेकपाले कास्की क्षेत्र नम्बर ३ मा पर्ने पोखरा महानगरका ११ वडाका अगुवा कार्यकर्ता भेला र उम्मेदवार परिचय कार्यक्रम आयोजना गऱ्यो। भेलामा उम्मेदवार गिरीले आफ्ना योजना र पार्टीको कार्ययोजनाबारे प्रकाश पार्दै नेकपाको जितबाट मात्रै मुलुकले निकास पाउने जिकिर गरे।

# साफ यू–१९ महिला च्याम्पियनसिपमा बंगलादेश र भारतको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ

पोखरामा शनिबारदेखि सुरु भएको दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यू–१९ महिला फुटबल च्याम्पियनसिपमा बङ्गलादेश र भारतले विजयी सुरुवात गरेका छन् ।

शनिबार पोखरा रङ्गशालाको फुटवल मैदामना भएको पहिलो खेलमा बङ्गालादेशले भुटानलाई एकतर्फी शुन्यका बिरुद्ध १२ गोल गरी सहज जित हासिल गर्‍यो । बंगलादेशको जितमा मोस्ट मुन्की अख्तर, श्रीमोती तृष्णा रानी र अल्पी अक्तरले ह्याट्रिक गर्न सफल हुनु भयो । खेलमा मोस्ट मुन्की अक्तरले खेलको ४४ औं, ४८ औं, ८१ औं र ९३ औं मिनेटमा गरी ह्याट्रिक सहित ४ गोल गर्नुभएको थियो ।



त्यसै गरी श्रीमोती तृष्णा रानीले खेलको ४३ औं, ५४ औं र ६० औं मिनेटमा गोल गरी ह्याट्रिक पुरा गर्दा अल्पी अक्तरले खेलको ७३ औं मिनेट, ८६ औं र ९५ मिनेटमा गोल गरी ह्याट्रिक पूरा गर्नु भएको हो । खेलमा बङ्गलादेशकी टिम क्याप्टेन अर्पिता विश्वास अर्पिता र मामोनी चक्माले एक-एक गोल गर्नुभएको थियो । चक्माले खेलको २८ औं मिनेटमा र अर्पिताले खेलको इन्जुरी समयको ४ औं (९४ औं ) मिनेटमा गोल गर्नु भएको थियो ।

टिम सम्हालिन नसक्दा भूटानले बंगालादेश बिरुद्ध एक गोल पनि गर्न सकेन । त्यसै गरी शनिबार भएको अर्को खेलमा भारतले नेपाललाई १–० को गोल अन्तरले पराजित गरेको हो । भारतको जितमा खेलको ४९ औं मिनेटमा पर्ल फर्नान्देसले गरेको गोल नै निर्णायक बन्न पुग्यो । नेपालले आफ्नो घरेलु मैदानमा पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा भारतसंग पहिलो खेलमा पराजित हुनु पुग्यो । यही माघ २४ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपाल, भारत, भुटान र बङ्गलादेश सहभागी रहेको छ ।

नेपालका मुख्य प्रशिक्षक सुमन श्रेष्ठले आफुहरुले भारत बिरुद्ध छोटो समयको तयारीका बिच उत्कृष्ट खेल प्रर्दशन गर्दा गर्दै भिनो गोलबाट पराजित हुन परेको बताउनु भयो । उहाँले म्याच वल र आफुहरुले अभ्यास गर्दै आएको वल फरक भएका केही समस्या भएको बताउनु भयो ।

भारतका प्रशिक्षक प्रमिला कोन्टीले मैदानका कारण राम्रो खेल प्रर्दशन गर्न नसकेको बताउनु भयो । नेपालको राम्रो खेल प्रर्दशन भए पनि फिनिसिङ नहुदा गोल गर्न नसकेको उहाँको भनाई थियो ।

# मदिरा व्यवसायीलाई हतोत्साहित बनाउने कार्य स्विकार्य छैन: अध्यक्ष शेर्पा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ

मदिरा व्यवासायी समिति कास्कीको १४ औं साधारण सभा सम्पन्न भएको छ । समितिका अध्यक्ष कृष्ण बहादुर भाटको अध्यक्षतामा भएको कार्यक्रममा मदिरा व्यवासायी महासंघका अध्यक्ष सोनामा शेर्पाको प्रमुख आतिथ्यता रहेको थियो ।



साधारण सभामा बोल्दै महासंघका अध्यक्ष शेर्पाले इमान्दर व्यवसायीलाइ हतोत्साहीत गर्ने कार्य स्विकार्य नहुने बताए । मदिरा व्यवसायीलाई हेर्ने दृष्टिकोण नकारात्मक रहेको छ । राज्यलाई सबैभन्द बढि राजश्व तिर्ने व्यवसायीलाइ नै राज्य र नागरिक समाजले हेर्ने नजर परिवर्तन गर्नुपर्छ । इमान्दार व्यवसायी मरिरहने अबैध रुपमा व्यवसायको व्यापार भइरहेको भन्दै शेर्पाले राज्यले के हेरीरहेको छ भन्ने प्रश्न गरे । अवैध रुपमा आयात हुने मदिरामा रोक लगाउनुपर्ने शेर्पाले बताए । शेर्पाले मदिरा व्यवसायी समिति कास्कीले गर्ने काममा महासंघ सधै साथमा रहेको भन्दै समितिले आफ्नै भवन निर्माणमा थालेको प्रयासलाई आर्थिक सहयोग गर्न महासंघ सकारात्मक रहेको बताए । कार्यक्रममा बोल्दै मदिर व्यवसायी महासंघका केन्द्रीय सल्लाहकार तारानाथ ढुङ्गानाले विक्रेताहरुलाई उचित मुनाफाको सुनिश्चित हुनुपर्ने बताए । डिलर र बिक्रेताले पाउने मार्जिनका लागि महासंघले पहल गरिरहेको बताउदै ढुङ्गानाले कारोवारको रकम ठुलो देखिए पनि मार्जिन कम हुदाँ व्यवसायीहरु विस्ताथापित हुने अवस्था रहेको सुनाए । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की अबैध व्यवसायीका कारण दर्ता भएर संचालन भएका राज्यलाई कर तिर्ने व्यवसायीको राज्यले संरक्षण गर्न नसकेको बताए । धरेलु मदिराको व्यवस्थापनको लागि संघले गण्डकी प्रदेश सरकारसग समन्वय गरीरहेको सुनाए । चेम्बर अफ कमर्स कास्कीका अध्यक्ष उमराज वास्तोलाले व्यवसायी मैत्री कानुन नहुदाँ व्यवसायीहरु अप्ठ्यारोमा परेको भन्दै व्यवसायीहरु एकमत भएर अगाडी बढ्नुपर्ने बताए । राज्यले निर्माण गर्ने नीति व्यवसायी मैत्री नहुदाँ उद्योग व्यवसायीले भाडा तिर्न नसक्ने अवस्था रहेको बास्तोलाको भनाई थियो । मदिरा व्यवसायी समिति कास्कीका अध्यक्ष कृष्णबहादुर भाटले पोखरा-१७ मा समितिको नाममा रहेको जग्गामा भवन बनाउन लागिएको जानकारी दिए । समितिका सदस्यहरुको स्वास्थ्य उपचारलाई मध्यनजर गदै स्वास्थ्य परिक्षण र उपचारमा छुट हुने गरी विभिन्न स्वास्थ्य संस्थासंग संभौता गरिएको बताए । कार्यक्रममा समितिको आजिवन सदस्यता लिने ६३ जनलाई आजिवन सदस्यताको प्रमाण पत्र वितरण गरिएको थियो । समितिमा २ सय साधाण सदस्य र १ सय ५० जना आजिवन सदस्य रहेको समितिका महासचिव श्रीरामा पोखरलले जानकारी दिए ।

मदिरा व्यवसायी समिति कास्कीका बरिष्ठ उपाध्यक्ष नेत्र ढुङ्गानाले सदस्यहरुका लागि करदाता शिक्षा, रक्तदान कार्यक्रम, सरसफाई, मानव सेवा आश्रमलाई सहयोग लगायतका कार्य समितिले गरेको जानकारी दिए ।

साधारण सभाको अवसरमा लेखनाथ उद्योग वाणिज्य संघ अध्यष जानुका पराजुली अधिकारी, नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकीका संस्थापक अध्यक्ष संजिवबहादुर कोइराला, मदिरा व्यवसायी समिति गण्डकीका अध्यक्ष गोविन्द केसी, मदिरा व्यवसायी समिति कास्कीका निवर्तमान अध्यक्ष सुरेश घिमिरे, मदिरा व्यवसायी समिति रुपन्देहीका अध्यष बाबुलाल ज्ञवाली र प्लाष्टिक व्यवसायी संघ, कास्कीका अध्यक्ष पर्शुरामा पोखरेलले शुभकामना मन्त राखेका थिए ।

साधारण सभाले महासचिव श्रीराम पोखरेलले प्रस्तुत गरेको महसचिवको प्रतिवेदन र कोषध्यक्ष कृष्ण पोखरेलले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन पारित गरेको छ ।

# तारादेवी र अरुणा लामालाई पोखरेली कलाकारको ट्रिब्यूट, कुन्ती मोक्तानले दिइन् विशेष प्रस्तुति

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ

स्वर्गिय स्वर किन्नरी द्वय तारादेवी र अरुणा लामालाई पोखरेली कलाकारहरुले ट्रिब्यूट दिएका छन् । कालजयी स्वरकी धनी तारादेवी र स्वर साम्राज्ञी अरुणा लामाप्रति समर्पित तारादेवी-अरुणा लामा स्मृति श्रष्टा साँझ कार्यक्रममा पोखरेली कलाकारहरुले ट्रिब्यूट दिएका हुन् । पोखरेली महिला कलाकारहरुको साझा संस्था हार्मोनी र एभरेस्ट एफएम ९३ मेगाहर्जद्वारा संयुक्त रुपमा शुक्रबार साँझ आयोजित कार्यक्रममा हार्मोनीमा आबद्द कलाकारहरुले तारादेवी-अरुणा लामाका एक दर्जन कालजयी गीतहरु उनीहरु प्रति नै समर्पित गरेर गुञ्जाउँदै ट्रिब्यूट दिए ।




पोखरा महानगरपालिकाको प्रवर्द्दनमा आयोजित श्रष्टा स्मृति साँझमा हार्मोनीका कलाकारहरुले सामुहिक बन्दना र त्यसलगत्तै लगातार तारादेवी र अरुणा लामाका कालजयी गीतहरु 'शुभकामना भरी', 'उकाली ओरालीहरुमा', 'पोहोर साल', 'एक फूल भरेर के भो ? ', 'ए कान्छा ठट्टैमा', 'हेर न हेर कान्छा', ' फूललाई सोंधे' गुञ्जाउँदै स्वर किन्नरी द्वयलाई श्रद्दाञ्जली अर्पण गर्दै गुञ्जाएपछि कार्यक्रम शुरु भएको थियो । त्यसपछि पालैपालो स्टेजमा उक्लिएका गायीकाहरु ईतु जोजिजु, शितल थापा, कौशल्या गुरुङ, रजनी ऋदम राई, लक्ष्मी गिरी, मितु पाल र बबी दियाली रसाईलीले सांगीतिक प्रस्तुती दिए । जहाँ उनीहरुले तारादेवी र अरुणा लामाका एकपछि अर्को गर्दै गीतहरु गुञ्जाउँदा दर्शक नोस्टाल्जिक बने भने आफ्नै गीत सुनाउँदा दर्शक आल्हादित बने । कार्यक्रममा ईतुले अरुणा लामाको 'मैले जीवनलाई कसरी सजाएँ' र 'आफ्नो र त्यो कहिले घाम, कहिले छायाँ', सितल थापाले तारादेवीका 'टाढाबाट बोलाएको' र 'जति माया लाएपनि', कौशल्या गुरुङले तारादेवीको 'जतातत्तै खोजें' र आफ्नो 'जून राम्रो जुनेली रातको', रजनी ऋदम राईले अरुणा लामाको 'भेटिनु छुटिनु' र आफ्नो 'को छ र मेरो', लक्ष्मी गिरीले अरुणा लामाको ' उदास मेरो जीवन कथा' र आफ्नो 'हिमालकी प्यारी छोरी', मितु पालले अरुणा लामाको 'हाँसी राखें, बोली राखें' र आफ्नो ' परिभाषा हराएको' तथा बबी दियाली रसाइलीले तारादेवीको 'जबजब मेरा सपनाहरु' गीत भ्वाईलिनको साथमा गुञ्जाएका थिए । कार्यक्रममा आधुनिक र शास्त्री संगीतमा छुट्टै पहिचान बनाएकी चर्चित गायीका कुन्ती मोक्तानले विशेष सांगीतिक प्रस्तुती दिएकी थिईन् । सुर शक्ति नारी समूहकी सचिवसमेत रहेकी उनले तारादेवी र अरुणा लामालाई समर्पित गर्दै अरुणा लामाको 'म आँखैमा राख्न'र आफ्ना दुई गीतहरु 'भन्छन् कोहि' र 'माथि माथि सैलुङ्गेमा' गीतहरु गुञ्जाईन् । जसले कार्यक्रममा छुट्टै रौनकता थपेको थियो ।

कार्यक्रममा स्मृति साँझको औचित्य र आवश्यक्ताका बारेमा कार्यक्रम संयोजक दीपेन्द्र श्रेष्ठले प्रष्ट्याएका थिए भने साहित्यकार, गीतकार, निर्देशक तथा कलाकारिताका अन्वेषक प्रकाश सायमीले स्वर्गिय कलाकार द्वय अरुणा लामा र तारादेवीको जीवनी र उनीहरुका 'अनटोल्ड स्टोरी' सुनाएका थिए ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले तारादेवी-अरुणा लामा स्मृति साँझ पोखराको अर्को एउटा प्रोडक्ट बनेको बताए । उनले भने,' पोखराका सबै क्षेत्रका अगुवाहरुको जमघट गर्ने एउटा थलेको बनेको छ यो । जसले गीत, संगीतसँगै पर्यटनमासमेत छुट्टै आयाम थपेको छ ।' समापन कार्यत्रममा बोल्दै एभरेस्ट मिडिया हाउसकी अध्यक्ष कर्मकुमारी गुरुङले स्वर्गिय स्वर साम्राज्ञी अरुणा लामाको माघ २२ गते र कालजयी गायीका तारादेवीको माघ ९ गते स्मृति दिवस भए पनि यी दुवै सर्वप्रिय गायीकाको स्मृति दिवसको सन्दर्भ पारेर हार्मोनी र एभरेस्ट एफएमले २०७९ सालदेखि हरेक वर्ष अरुणा लामा-तारादेवी स्मृति साँझ आयोजना गर्दै आएको जानकारी दिईन् । उनले गीत, संगीतको माध्यमबाट देशको शीर उचो बनाउने कलाकारहरुलाई समर्पित गर्न आयोजित यो कार्यक्रमलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिने प्रतिबद्दता जनाईन् । कार्यक्रमको पब्लिक फोरके टेलिभिजनसँगै एभरेस्ट एफएम र एभरेस्ट आवाज डटकमबाट एकसाथ प्रत्यक्ष प्रशारण भएको थियो ।

# भारतीय कलाकारको टोली मुस्ताङमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १७ माघ

७७औं भारतीय गणतन्त्र दिवसका अवसरमा सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्न भारतीय कलाकारको टोली शनिबार बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङ आइपुगेको छ ।

नेपालस्थित भारतीय राजदूतावासको समन्वयमा दूतावासका चार जना प्रतिनिधिसहित भारतीय सांस्कृतिक कलाकारको टोली मुस्ताङ आइपुगेको हो । भारतीय राजदूतावासअन्तर्गत भारतस्थित आसामको स्वामी विवेकानन्द कल्चर सेन्टरबाट कलाकारसहित नृत्य प्रदर्शन गर्ने टोली मुस्ताङ आइपुगेको कलाकार टोलीका अगुवा मुकुट बोराले जानकारी दिनुभयो । उहाँका अनुसार आसामको बिहु फोक नृत्य यहाँ देखाउने गरी कलाकार, प्राविधिक र प्रतिनिधिसहित १८ जना सहभागी छन् । यसैगरी भारतीय गणतन्त्र दिवसका अवसरमा यहाँ आयोजना गरिएको एक समाहरोहमा कार्यक्रम निर्देशक वासिङ मल्लिक र राहुलसहित अन्य चार जनाको सहभागिता थियो । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक छिरिङकिप्पा लामाले नेपाल सरकारसँग अनुमति लिएर सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्न भारतीय टोली यहाँ आएको जानकारी दिनुभयो ।




आसामबाट यहाँ आएका कल्चर सेन्टरका टोलीलेघरपभोङगाउँपालिका-२ माफास्थित सामुदायिक समाजघरमा सांस्कृतिक नृत्य सञ्चालन गरेको हो । पूर्ववाणिज्यमन्त्री रोमी गौचन थकालीको प्रमुख आतिथ्यतामा भारतीय कलाकारले करिब एक घण्टासम्म दुई वटा बिहु फोक नृत्य प्रदर्शन गरेका हुन् ।

# फेन्सी तथा रेडिमेड व्यवसायी संघको साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ

फेन्सी तथा रेडिमेड व्यवसायी संघ पोखराको १८ औ साधारणसभा सम्पन्न भएको छ ।




साधारणसभाको उद्धघाटन गर्दै प्रमुख अतिथि पोखरा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोर्कण कार्कीले पोखरा उद्योग वाणिज्य संघको एउटा महत्वपुर्ण वस्तुगत समिति अन्तरगत रहेको फेन्सी तथा रेडिमेड व्यवसायी संघ रहेको बताउदै पोखरा उद्योग वाणिज्य संघले व्यवसायीहरुको हितको लागी विभिन्न कार्यक्रमहरु ल्याईरहेको बताए ।

अध्यक्ष कार्कीले त्यस्ता मत्वपुर्ण कार्यक्रमहरुमा पनि व्यवसायीहरुले कम महत्व दिने गरेको र सहभागीता पनि कम हुने गरेकोमा दुःख व्यक्त्त गरे । कार्कीले वाणिज्य संघमा फेन्सी व्यवसायी संघका साथीहरुको राम्रो उपस्थीती रहेको बताउदै केहि समस्याहरु भएमा आफ्नो उपस्थीति नभएमा पनि उहाँहरुलाई सम्वोधन गरेर पठाउदा हुने समेत बताए ।

कार्यक्रममा पोखरा चेम्बर अफ कर्मशका अध्यक्ष उमराज बास्तोलाले फेन्सी व्यवसायीले विभिन्न रचानात्मक कामहरू गरेको बताउदै सगठनलाई मजवुद बनाउन सके व्यवसायीहरू पनि मजवुद हुने बताए । पोखरा उद्योग वाणिज्य संघका वाणिज्य उपाध्यक्ष बलराम आचार्यले फेन्सी तथा रेडिमेड व्यवसायी संघमा आफ्नो महत्वपुर्ण समय बिताउको बताउदै पोखरा उद्योग वाणिज्य संघको आगामी कार्यकालको लागी आफुले अध्यक्षमा उमेदवारी दिन लागेको बताउदै सम्पुर्ण व्यवसायीले सयोग गर्न आग्रह गरे ।

कार्यक्रममा संघका निर्वतमान अध्यक्ष एकनारायण पनेरू संघका सस्थापक अध्यक्ष कमलनाथ कुवंर फेन्सी तथा रेडिमेड व्सायी संघ चितवनका अध्यक्ष राम प्रसाद पौडेल संघका आजिवन सदस्य प्रजन कुमार थापा ईलेक्ट्रीक व्यवसायी एशोसियसनका अध्यक्ष केशव ढकाल लगाएतले बोलेका थिए ।

कार्यक्रममा फेन्सी तथा रेडिमेड व्यवसायी संघमा आवद्ध व्यवसायीका छोराछोरी मध्य उच्च शिक्षामा उत्कृष्ट अक ल्याउने छोराछोरीलाई तथा पुर्व अध्यक्ष,पुराना व्यवसायीहरु, आजिवन सदस्यहरुलाई सम्मान गरिएको थियो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।

- थोमस फुलर

## सम्पादकीय

# निजी क्षेत्रको मनोबल उठाउन लाग

नेपालका निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघले आगामी निर्वाचनमा राजनीतिक दलहरूलाई आफ्नो घोषणापत्रमा निजी क्षेत्रका मुद्दालाई प्राथमिकता दिन आग्रह गरेको छानेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले पत्रकार सम्मलेन गरेर निजी क्षेत्रबिना मुलुकको आर्थिक स्थायित्व, सुशासन र दीर्घकालीन समृद्धि सम्भव नहुने जिकिर गरेका छन । नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको करिब ८१ प्रतिशत योगदान दिइरहेको र ८६ प्रतिशत रोजगारी सिर्जना गरिरहेको अनुमान छ ।

यति धेरै योगदान र रोजगारी सृजना गरेको क्षेत्रलाई उपेक्षा गर्दा समग्र आर्थिक पुनरुत्थान चुनौतीपूर्ण बन्छ । निजी क्षेत्रलाई रोजगारदाता, सेवा प्रदायक, पूर्वाधार निर्माणकर्ता, राजस्व योगदानकर्ता र सम्पत्ति निर्माणकर्ताको रूपमा सम्मान गरी मनोबल उच्च राख्न सरकारले विशेष सम्बोधन गर्नुपर्छ । यसअघिको सरकारले निजी क्षेत्रमा लगानीको वातावरण बनाउन कानुनी र प्रशासनिक सुधारका काम थालेको थियो । सरकारको प्रयास एकातिर आन्दोलनकारी अर्कोतिर हुँदा निजी क्षेत्र त्रासमा परेको छ । भदौ २३ र २४ गतेको नवयुवाको आन्दोलनबाट करिब ३६ अर्ब रुपैयाँको प्रत्यक्ष भौतिक क्षति भएको र कुल नोक्सानी झन्डै ८० अर्ब रुपैयाँ पुगेको तथ्यांक नेपाल उद्योग वाणिज्य महासंघको छाभदौ २३ र२४ को आन्दोलनले निजी क्षेत्रको मनोबल ऐतिहासिक रूपमा सबैभन्दा न्यून स्तरमा पुऱ्याएको छ। पुँजी पलायनको जोखिम बढेको छ भने बैंकहरूमा पर्याप्त रकम भए पनि उद्यमीहरू ऋण लिएर लगानी गर्न तयार छैनन् । यदि यो अवस्था निरन्तर रह्यो भने रोजगारी र राजस्व संकुचित हुँदै मुलुक असफलतातर्फ उन्मुख हुने चिन्ता निजी क्षेत्रमा छ ।

महासंघले राजनीतिक दलहरूलाई संविधान प्रदत्त सम्पतीको हकको सम्मान, निर्वाध पेशा-व्यवसाय सञ्चालनको सुनिश्चितता र नीतिगत स्थायित्व कायम गर्ने प्रतिवद्धता घोषणापत्रमा समेट्न आग्रह गरेको छ । समाजवाद उन्मुख अर्थतन्त्र र तीन खम्बे नीतिले पनि निजी क्षेत्रलाई पूर्ण उत्साहित बनाउन नसकेको उनको गुनासो छ । यसका लागि निजी-सार्वजनिक साझेदारीमा आधारित नवप्रवर्तनमुखी, उद्यमशील र समावेशी आर्थिक नीति आवश्यक पर्ने महासंघको बुझाई छ । उद्यमशीलता र लगानीलाई निरुत्साहित गर्ने एक दर्जन बढी कानून, नियमावली र कार्यविधिहरू खारेज, संशोधन वा परिमार्जन गर्नुपर्ने माग पनि अघि सारिएको छ। नागरिक एपमा 'व्यवसाय' आइकन थप गरी दर्तादेखि बहिर्गमनसम्मका प्रक्रिया एक वर्षभित्र डिजिटलाइज्ड बनाउने र सालबसाली व्यवसाय नविकरण खारेज गर्ने प्रस्ताव पनि छ ।

पछिल्लो आन्दोलनपछि निजी उद्यम, व्यवसाय र आवासको सुरक्षाको मुद्दा गम्भीर बनेको छ। यसलाई सम्बोधन गर्न महासंघले 'निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन योजना' प्रशताव गरेको छ। यसअन्तर्गत उद्योग तथा व्यवसायिक प्रतिष्ठानलाई विशेष सुरक्षा क्षेत्र घोषणा गर्ने, औद्योगिक सुरक्षाका लागि छुट्टै संयन्त्र स्थापना गर्ने र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा एकद्वार द्रुत सेवा दिने व्यवस्था गर्नुपर्ने सुझाव छ । आर्थिक तथा व्यवसायिक कसुरहरूको अनुसन्धान एकै निकायबाट हुने कानूनी व्यवस्था पनि आवश्यक रहेको बताएको छ। कृषि र पर्यटन क्षेत्रलाई विशेष प्राथमिकता दिँदै प्रांगारिक पहाड कार्यक्रम घोषणा गरी प्रांगारिक नगदे बाली प्रवर्द्धन, किसान परिचयपत्र चाँडो जारी गर्ने, अनुदान डिजिटल प्रविधिमार्फत वास्तविक किसानसम्म पुऱ्याउने र 'खेतदेखि खाडीसम्म' कार्यक्रम सञ्चालन गरी नेपाली उत्पादन खाडी मुलुकमा निकासी सहज बनाउने सुझाव दिइएको छ ।

पर्यटनलाई उद्योग सरह मान्यता दिए पनि नीति कार्यान्वयन नभएको गुनासो गर्दै हिल स्टेसनमा होटल, रिसोर्ट, थिमपार्क, केबलकार आदिलाई पूर्वाधार र आयकर छुट दिने,पर्यटन प्रवर्द्धन गर्ने र स्थलमार्ग पर्यटकलाई सहज बनाउने व्यवस्था गर्नुपर्ने बताइएको छ। लगानीमैत्री वातावरण सिर्जना गर्न 'लगानी प्रवर्द्धन दशक' घोषणा गरी नीतिगत स्थायित्वको प्रत्याभूति दिने, एकीकृत लगानी संहिता तयार पार्ने र लगानी बोर्ड तथा उद्योग विभागलाई एकीकृत गरी निजी क्षेत्र सहभागितामा शक्तिशाली लगानी प्रवर्द्धन एवं संरक्षण बोर्ड स्थापना गर्ने प्रस्ताव पनि छ। जलविद्युत आयोजनालाई आयकर छुटको समयसीमा २०९२ सम्म विस्तार गर्ने, जलाशययुक्त आयोजनामा थप सुविधा दिने र ह्वीलिंग चार्ज कार्यान्वयन गर्ने माग अघि सारिएको छ । निजगढ काठमाडौं फास्ट ट्र्याकपछि अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई उच्च प्राथमिकता दिने, गौतमबुद्ध र पोखरा विमानस्थलको सहज सञ्चालनका लागि उपयुक्त मोडालिटी तय गर्ने सुझाव छ।

स्टार्टअप तथा सूचना प्रविधि क्षेत्रमा राष्ट्रिय स्टार्टअप उद्यम नीति कार्यान्वयन, १० वर्ष पूर्ण कर छुट र थप ५ वर्ष ५० प्रतिशत छुट, 'सय स्टार्टअप, सय लगानीकर्ता' कार्यक्रम र आईटी मल स्थापना जस्ता कदम चाल्नुपर्ने बताइएको छ । कर प्रणालीलाई सरल, स्थिर र प्रतिस्पर्धी बनाउन बहुदर मूअक प्रणाली कार्यान्वयन, उत्पादनमूलक उद्योगमा क्रमशः कर घटाउने, पुनर्लगानीमा ७५ प्रतिशतसम्म छुट र एकीकृत गैरकर छाता ऐन ल्याउने प्रस्ताव पनि महासंघले राखेको छ । विगतमा सरकार संचालन गर्दा हुन नसकेका र अब गर्नुपर्ने काम भनेको निजी क्षेत्रको गिरेको मनोबल उठाउने र लगानीका लागि सुरक्षाको प्रत्याभूति अनिवार्य शर्त हो।सरकार संचालन गर्ने अठोट लिएका दलहरुका घोषणापत्रमा निजी क्षेत्रले उठाएका मुद्दा सम्बोधन गरेमा केही होला भन्ने विश्वास जगाउनेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बड्ने | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# असहाय विद्यार्थीलाई सघाउन चार लाखको अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता

तनहुँ, १७ माघ

असहाय विद्यार्थीलाई सघाउने उद्देश्यले ऋषिङ गाउँपालिका-२ काहुँशिवपुरस्थित सहिद गङ्गा माध्यमिक विद्यालयमा रु चार लाख दुई हजारको अक्षयकोष स्थापना गरिएको छ ।

शुक्रबार आयोजित विद्यालयको ९९औँ वार्षिक साधारणसभाले अक्षयकोष स्थापना गरेको हो । पूर्वसांसद रणेन्द्र बरालीले आफ्ना स्वर्गीय मातापिता झिमलाल र अमृता बरालीका नाममा प्रदान गर्नुभएको रु दुई लाखबाट अक्षयकोष स्थापना गरिएको हो । यसैगरी, स्वर्गीय बुद्धि श्रेष्ठ र पूर्णमान श्रेष्ठको सम्झनामा उहाँहरुका जेठा छोरा टङ्कनारायण श्रेष्ठले रु दुई लाख दुई हजारको अक्षयकोष स्थापना गर्नुभएको हो । सोही विद्यालयका पूर्वविद्यार्थी डम्बर बरालीले रु ४० हजार बराबरको २० थान मेच खरिद गरिदिनुभएको छ । अर्का पूर्वविद्यार्थी नरजुन बरालीले बरालीले दलित तथा असहाय दुई जना छात्रछात्रालाई जनही रु १० हजार ५०० सहयोग प्रदान गर्नुभएको छ ।

# तनहुँ जलविद्युत्का तीनवटा प्याकेजमा तीव्र काम

पोखरापत्र संवाददाता

तनहुँ, १७ माघ

तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको कामलाई तीव्र गतिमा अगाडि बढाइएको छ । ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन आयोजनाको तीनवटै प्याकेजमा कामलाई तीव्र गतिमा अघि बढाइएको हो ।

आयोजनाको प्याकेज १ अन्तर्गत बाँधलगायतका संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरुङ, विद्युतगृह तथा सम्बन्धित उपकरण र प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । प्याकेज १ अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ४७ प्रतिशत प्रगति भएको भण्डारीले बताउनुभयो । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरुङ लगायतका संरचनाको निर्माण कार्य सकिएको छ । मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो । विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सकिएको जनाइएको छ । उक्त कार्य सम्पन्न भएसँगै मुख्य बाँधको कङ्क्रिटिङ तथा सम्बन्धित ग्राउटिङ कार्य सुरु गर्न आवश्यक पूर्वाधार तयार भएको भण्डारीको भनाइ छ । "आयोजनाको १४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०८१ चैत ७ गते पहिलो कङ्क्रट राखी कङ्क्रिटङ कार्यको सुरुवात गरिएको थियो," उहाँले भन्नुभयो, "मुख्य बाँधको कङ्क्रट, कोर ड्रिलिङ, ग्राउटिङ लगायतका काम जारी छन् ।"

प्याकेज २ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम चीनको सिनो हाइड्रो कर्पोरेसनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचनाहरु निर्माणका लागि खन्ने कार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माण कार्य सम्पन्न भएको भण्डारीले बताउनुभयो । विद्युत् गृह, केवल सुरुङ, सर्च ट्याङ्क, टेलरेसलगायतका संरचनाहरुको मुख्य कङ्क्रिटिङ कार्य सम्पन्न भएको यस प्याकेजको प्रगति ७२.५ प्रतिशत छ । भण्डारीका अनुसार विद्युत्गृहको सिभिल कार्य करिब सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकल काम जारी छ । विद्युत्गृहमा छाना लगाउने, पानी फाल्ने लगायतका काम भइरहेका छन् । प्याकेज ३ प्रसारण लाइनअन्तर्गत केइसी इन्टरनेशनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ७८ वटा टावर हरुको जग हाल्ने काम सम्पन्न गरेको छ । यस प्याकेजको प्रगति ७४.५ प्रतिशत रहेको छ । यसका अतिरिक्त वन क्षेत्रको जग्गा प्रयोग र त्यहाँ रहेका रुखबिरुवा हटाउने अनुमतिका लागि उर्जा, जलस्रोत तथा सिचाइँ र अर्थ मन्त्रालयसँग आवश्यक पहल भइरहेको भण्डारीले बताउनुभयो ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको व्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# नमूना मतपत्र सार्वजनिक काठमाडौँको सबैभन्दा ठूलो

रासस

काठमाडौं, १७ माघ

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि विभिन्न जिल्ला र निर्वाचन क्षेत्रको मतपत्रको नमूना सार्वजनिक गरेको छ ।

आयोगले सातवटै प्रदेशका क्षेत्रको मतपत्रको नमूना सार्वजनिक गरेको हो । त्यसमा एउटा मात्र निर्वाचन क्षेत्र भएको जिल्लाको एक प्रकारको र एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको बेग्लै मतपत्रको नमूनासमेत सार्वजनिक गरेको छ । नमूना मतपत्र मतदाता शिक्षाका लागि प्रयोग हुनेछ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार उम्मेदवारको सङ्ख्याका आधारमा पनि मतपत्रको नमूना तयार पारिएको छ । उम्मेदवार धेरै भएका निर्वाचन क्षेत्रका मतपत्रको आकार तुलनात्मक रूपमा ठूलो र कम उम्मेदवार भएका निर्वाचन क्षेत्रमा सानो मतपत्र छापिएको छ ।

एउटा मात्र निर्वाचन क्षेत्र भएका कर्णाली प्रदेशका सल्ल्यान, डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट र रुकुमपश्चिममा तथा दैलेख र सुर्खेतमा दुईवटा निर्वाचन क्षेत्र छन् । ती जिल्लाको मतपत्रको नमूना पनि आयोगले सार्वजनिक गरेको छ । यसैगरी, सुदूरपश्चिम प्रदेशका बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी र डडेलधुरामा एउटा मात्र निर्वाचन क्षेत्र कायम छन् ।

# लिटिल स्टेप मा.वि.को ४३औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता

पोखरा, १७ माघ




पोमनपा-८, सिमलचौर स्थित लिटिल स्टेप माध्यमिक विद्यालयको ४३औं वार्षिकोत्सव तथा अभिभावक दिवस आज सम्पन्न भयो ।

विज्ञान, सामाजिक अध्ययन, कला तथा हस्तकला प्रदर्शनीसमेत आयोजना गरिएको उक्त समारोहमा सभापति पोखरा लिङ्कनइन्टरनेशन कलेज तथा लिटिल स्टेप मा.वि.का संस्थापक शेरबहादुर गुरुङ रहनुभएको थियो भने प्रमुख अतिथि गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा. इन्द्रप्रसाद तिवारी रहनुभएको थियो । प्रमुख अतिथिबाट पानसमा दिप प्रज्वलन गरी शुभारम्भ भएको उक्त समारोहमा सांस्कृतिक प्रस्तुति एवम् विज्ञान तथा कला प्रदर्शनीको अभिभावक र दर्शकदिर्घाबाट मुक्त कण्ठले प्रशंसा भएको थियो । शुभकामना मन्तव्य दिने क्रममा प्रमुख अतिथिबाट लिटिल स्टेप मा.वि. को हालसम्मको सफलता अतुलनीय रहको भन्दै भविष्यमा अझ बढी शैक्षित उन्नयनको कामनासहित आफ्ना भनाइ राख्नुभयो ।

त्यस्तै उक्त समारोहमा प्रमुख अतिथिलगायत हिसान गण्डकीका अध्यक्ष डाक्टर रामजी शर्मा, डा.भीमनाथ बराल, प्याब्सन कास्कीका वरिष्ठ उपाध्यक्ष विष्णुप्रसाद तिमिल्सिना, प्रगति टोल आमा समूहका कुलमाया पौडेल एवम् पूर्व विद्यार्थीको तर्फबाट ग्याष्ट्रोलोजिस्ट डाक्टर शंकर बरालले लिटिल स्टेप माविले आजसम्म शिक्षा क्षेत्रमा पुऱ्याउँदै आएको अतुलनीय योगदानको प्रशंसा गर्दै शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । विविध विधा तथा शैक्षिक लगायतका पुरस्कारसमेत वितरण गरिएको उक्त समारोहमा लिटिल स्टेप स्मारिका छैटौं संस्करणको विमोचन पनि गरिएको थियो ।

विद्यालयको वार्षिक प्रतिवेदन संस्थापक प्राचार्य पम्फा गुरुङले प्रस्तुत गर्नुभयो भने स्वागत मन्तव्य १०+२ संयोजक विनोद गिरीले व्यक्त गर्नुभयो । अन्त्यमा धन्यवाद ज्ञापन मन्तव्यसहित समारोहका सभाध्यक्ष श्री शेरबहादुर गुरुङद्वारा लिटिल स्टेप मा.वि ले स्थापना-कालदेखि आजसम्म भोग्नुपरेका आरोह-अवरोह तथा चुनौति अनि हासिल सफलताको मर्मस्पर्शी भनाइ व्यक्त गरिएको थियो । कार्यक्रम उद्घोषणको जिम्मेवारीमा संयोजक दुर्गा पौडेल, ताराप्रसाद सुवेदी, चित्रबहादुर अधिकारी तथा विद्यार्थीहरुको तर्फबाट डेबिन गुरुङ एवम् मनिषा थापा हुनुहुन्थ्यो ।

# प्रतिभा सुपर लिग क्रिकेट आइतबारदेखि

पोखरापत्र संवाददाता

पोखरा, १७ माघ

पोखरामा भोलिदेखि प्रतिभा सुपर लिग (पिएसएल) क्रिकेट प्रतियोगिता शुरु हुँदैछ ।

प्रतिभा मावि पोखराको आयोजना तथा पोखरा महानगरपालिका क्रिकेट संघको सहयोग र समन्वयमा आइतबारदेखि अन्तर माध्यमिक विद्यालय क्रिकेट प्रतियोगिता प्रतिभा सुपर लिग हुन लागेको हो । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा माघ २५ गतेसम्म हुने प्रतियोगिताको उद्घाटन भोलि आईतबार पूर्वाह्न ११ बजे हुने आयोजक प्रतिभा माविका प्राचार्य किरण सापकोटाले जानकारी दिए । प्रतियोगिताको उद्घाटन खेलमा भोलि आयोजक प्रतिभा मावि र वाराही माविबीच प्रतिष्पर्धा हुने जनाइएको छ। भोलि नै हुने दोस्रो खेलमा भने ग्लोबल कलेजियटबिरुद्द बाल मन्दिर मावि प्रतिष्पर्धामा उत्रिनेछन् । कुल १२ विद्यालय सहभागी प्रतियोगितामा माघ १९ गते कुमुदिनी होम्स मावि र छोरेपाटन मावि तथा मदरल्याण्ड र जनप्रिय मावि, माघ २० गते डायमण्ड मावि र बालमन्दिर मावि तथा नेपाल भारत मैत्री मावि र वाराही मावि, माघ २१ गते टप्स मावि र छोरेपाटन मावि तथा डायमण्ड मावि र ग्लोबल कलेजजियट, माघ २२ गते गुरुकुल र जनप्रिय तथा प्रतिभा मावि र नेपाल भारत मैत्री मावि र माघ २३ गते मदरल्याण्ड सेकेण्डरी र गुरुकुल विद्या सदन तथा कुमुदिनी होम्स र टप्स मावि प्रतिष्पर्धामा उत्रिने उनले जानकारी दिए । प्रतियोगिताको सेमीफाइनल खेल माघ २३ गते हुने जनाइएको छ ।

हरेक समूहबाट बिजेता बनेकाहरुले सेमीफाइनल खेल्ने प्राविधिक पक्ष हेरिरहेका क्रिकेट संघ पोखरा महानगर समितिका संयोजक बिरेन पुनले जानकारी दिए । उनका अनुसार सेमीफाइनलमा समूह ए र सी तथ समूह बी र डी बीच फाइनल प्रवेशका लागि प्रतिष्पर्धा हुनेछ । लिग कम नकआउटका आधारमा हुने प्रतियोगिताको समूह 'ए' मा कुमुदिनी होम्स, छोरेपाटन मावि र टप्स मावि, समूह 'बी' मा जनप्रिय मावि, गुरुकुल विद्यासदन र मदरल्याण्ड मावि, समूह 'सी' मा आयोजक प्रतिभा माविसहित नेपाल भारत मैत्री विद्यालय र वाराही मावि मालेपाटन तथा समूह 'डी' मा ग्लोबल कलेजियट स्कुल, डायमण्ड मावि र बालमन्दिर मावि रहेका छन् । प्रतियोगिता क्रिकेटको विकास, खेलाडीको प्रतिभा उजागर गर्न तथा क्रिकेटको जग बलियो बनाउन कोशेढुंगा सावित हुने विद्यालयको अपेक्षा छ । त्यस्तै उत्कृष्ट खेलाडीले अन्डर-१९ कास्की क्रिकेट टिममा पनि अवसर पाउने बताइएको छ ।

प्रतियोगिताको बिजेता विद्यालयले नगद ३० हजारसहित ट्रफी, मेडल र प्रमाण पत्र, उपबिजेताले नगद २० हजारसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्ने जनाइएको छ। प्रतियोगिताको बेष्ट ब्याट्सम्यान, बेष्ट बलर, बेष्ट प्लेयर अफ द सिरिज तथा प्लेयर अफ द म्याचलाई पनि ट्रफी प्रदान गरिने प्राचार्य सापकोटाले जानकारी दिए ।

# बागलुङमा झण्डै २७ करोडको सुन्तला उत्पादन

पोखरापत्र संवाददाता

बागलुङ, १७ माघ

यस वर्ष बागलुङमा रु २६ करोड ९० लाखको सुन्तला उत्पादन भएको छ । सुन्तला खेतीप्रति किसानको आकर्षण बढेसँगै उत्पादन बढेको हो । गतवर्षको तुलनामा यस वर्ष रु ४४ लाख बढीको सुन्तला उत्पादन भएको छ। यस वर्ष औसा किराको समस्या नहुँदा उत्पादन वृद्धि भएको हो ।

कृषि ज्ञान केन्द्रका अनुसार गत वर्ष रु २६ करोड ४६ लाखको सुन्तला उत्पादन भएको थियो । पछिल्लो समय बाँझो खेतबारीमा किसानले सन्तला खेती गर्न थालेपछि बर्सेनी उत्पादन बढ्न थालेको ज्ञान केन्द्रका प्रमुख कुमार पुन मगरले जानकारी दिनुभयो । बसाइँसराइले रित्तिदै गएका गाउँमा राम्रो सुन्तला उत्पादन भएको उहाँको भनाइ छ । पहिले कादो, मकै र गहुँलगायतका खाद्यन्न बाली लगाउने बारीमा हिजोआज सुन्तला खेती गर्न थालिएको प्रमुख पुन मगरले बताउनुभयो। कम मेहनतमा राम्रो उत्पादन गर्न सकिने हुँदा कृषक सुन्तला खेतीप्रति आकर्षित उहाँ बताउनुहुन्छ । यस वर्ष चार हजार १६९ मेट्रिकटन सुन्तला उत्पादन भएको पुन मगरले जानकारी दिनुभयो । किसानले न्यूनतम रु प्रति किलो रु ६५ ले बिक्री गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "पछिल्लो समय सुन्तला खेतीप्रति धेरै किसान आकर्षित हुनुभएको छ, पहिले बाँझो रहेको जमिनमा पनि अहिले सुन्तला फल्न थालेका छन्, हरेक वर्ष सुन्तला खेती हुने क्षेत्रफल बढ्दै गएको छ, कोदो, मकै, गहुँ र फापर फल्ने बारी हिजोआज सुन्तलाका बोटले ढाकिएका छन्, धेरै झन्झट नहुने, कम मेहनतमा धेरै उत्पादन गर्न सकिने हुँदा सुन्तला खेतीतर्फ आकर्षण बढ्दो छ।" विसं २०७६ मा ५८५ हेक्टर क्षेत्रफलमा सुन्तला खेती भएकोमा हालसम्म आउँदा बढेर ६६४ हेक्टर पुगेको छ । अहिले ३८१ हेक्टरमा सुन्तला उत्पादन भइरहेको ज्ञान केन्द्रले जनाएको छ । जिल्लाको काठेखोला गाउँपालिकाको बिहुँ, बागलुङ नगरपालिकाको सिगाना, तित्याङ, भकुण्डे, जैमिनी नगरपालिकाको बिनामारे र दमेकमा बढी सुन्तला उत्पादन हुन्छ । काठेखोला गाउँपालिका-६ का किसान पशुपति कँडेलले अघिल्लो वर्ष रु छ लाखको सुन्तला बिक्री गरेकोमा यस वर्ष उत्पादन बढेको हुँदा रु आठ लाखमा बगाननै व्यापारीलाई दिएको बताउनुभयो । सुन्तलाका लागि समयमै वर्षा हुँदा उत्पादन राम्रो भएको उहाँको भनाइ छ । अघिल्लो वर्ष औसा किराले झण्डै एक लाखको सुन्तला नष्ट गरि दिएको कँडेल बताउनुहुन्छ ।

सोही गाउँका अर्का किसान लोकनाथ कँडेलले गत वर्ष रु १३ लाखको सुन्तला बिक्री गरेकोमा यस वर्ष १५ लाखमा बेचेको जानकारीदिनुभयो । फल दिने बोट बढेको र मौसमले राम्रो साथ दिँदा उत्पादनमा वृद्धि भएको उहाँको भनाइ छ ।

# विकासको अगुवाइ गर्ने नेतृत्व पर्खिरहेको बागलुङ-२

**रासस**
गण्डकी, १७ माघ

बागलुङ दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा बाँडिएको छ । जसमध्ये क्षेत्र नं. २ ले पश्चिम बागलुङलाई समेटेको छ। भौगोलिक विकटता, गरिबी, बेरोजगारी, अशिक्षा जस्ता समस्यासँग जुधिरहेको यस क्षेत्र विकासको पर्खाइमा छ। प्रचुर सम्भावना भएर भौतिक विकासमा पछि परेको यहाँका मतदाता दुरगामी दृष्टिकोणसहित विकासको अगुवाइ गर्ने नेतृत्वको खोजीमा छन् ।

बहुदलपछिका सात वटा आम निर्वाचनमा मत दिएर जिताएका राजनीतिक दल र उम्मेदवारले अपेक्षित रुपमा काम गर्न नसक्दा यस क्षेत्र विकासमा पछाडि परेको जनगुनासो छ । यस क्षेत्रलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने बागलुङ-घोडाबाँधे सडक मार्ग खुलेको २५ वर्ष बितिसक्दा कोलोपत्र हुन नसक्नु त्यसकै एक दृष्टान्त हो। दुई दशकदेखि चर्चामा रहेको र सरकारले निर्माण घोषणा गरेको उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजनाले गति लिन नसकेकामा स्थानीवासी असन्तुष्ट छन् । ठूला र रुपान्तरणकारी योजना तत्काल कार्यान्वयनमा आउन नसके पनि जनजीविकासँग सम्बन्धित समस्या छिटो सम्बोधन हुनुपर्ने मतदाताको माग छ । निर्वाचनताका बाँडेका आश्वासन नेताहरुले पूरा गरुन् भन्ने उनीहरु चाहन्छन् । मध्यपहाडी लोकमार्गले यातायात सेवामा केही सहजता ल्याए पनि यस क्षेत्रका ग्रामीण सडक भने अझै नाजुक अवस्थामा छन् । कतिपय वडामा बाह्रैमास यातायात सञ्चालन गर्न नसकिने अवस्था छ । राष्ट्रिय राजमार्गमा जोडिए पनि यस क्षेत्रमा आर्थिक गतिविधि न्यून छ ।

स्वास्थ्य र शिक्षामा पहुँचको दृष्टिले बागलुङ-२ का बासिन्दा पछाडि छन् । भौगोलिक विकटताका कारण ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिकालगायत स्थानीय तहमा स्वास्थ्य सेवामा सर्वसाधारणको सहज पहुँच छैन । सबै नागरिकलाई आधारभूत शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउन राज्यले गरेको प्रयास यस क्षेत्रमा अपर्याप्त देखिन्छ । प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माका अनुसार भौगोलिक विकटता र सचेतनाको कमी आदि स्वास्थ्य क्षेत्रका चुनौती हुन् । मातृ तथा नवशिशु स्वास्थ्यका दृष्टिले निसीखोला र ढोरपाटन जिल्लाकै कमजोर छ । ती दुई स्थानीय तहमा घरमै हुने सूत्केरीको दर बढी छ। गत आवको आँकडा अनुसार निसीखोलाका १६ आमाले घरमै सुत्केरी गराएको जनस्वास्थ्य निरीक्षक शर्माले जानकारी दिनुभयो । बालबालिकाको विद्यालय छोड्ने दर पनि यही क्षेत्रमा बढी छ । पढाइ बीचमै छाडेर रोजगारीका लागि भारतलगायत मुलुकमा जान यहाँका युवा विवश छन् । गरिबी र विपन्नता यस क्षेत्रको अर्को समस्या हो । व्यावसायिक कृषि, पशुपालन, पर्यटन, खनिज आदिमा अथाह सम्भावना भएपनि स्थानीयवासीको जीवनयापन गुजारामुखी छ । उद्यम र व्यवसाय प्रवर्द्धनका गतिविधि न्यून हुने गरेका छन् । वैदेशिक रोजगारीमा जानेको संख्या अधिक छ । अधिकांश भारत र खाडी मुलुक पुगेका छन् । अन्य विकसित मुलुकमा अध्ययन र रोजगारीका जानेको सङ्ख्या बढ्दो छ। देशकै एकमात्र सिकार आरक्ष ढोरपाटन सिकार आरक्ष यही क्षेत्रमा पर्ने भए पनि पर्यटनबाट स्थानीयवासीले यथोचित लाभ पाएका छैनन् । पर्यटन पूर्वाधार र प्रचारप्रसारको अभाव छ। ढोरपाटनलाई मध्यवर्ती क्षेत्र घोषणा गर्ने सरकारको योजना सफल हुन सकेको छैन । जिल्लाको सबैभन्दा होचो भूभाग बडीगाड गाउँपालिकाको खर्बाङ बजार (छ सय मिटर) देखि सबैभन्दा अग्लो भूभाग ढोरपाटनमा पर्ने फागुने धुरी (चार हजार ६९० मिटर) यही क्षेत्रमा पर्छ । यस क्षेत्र छिमेकी जिल्ला गुल्मी, प्यूठान, रोल्पा, रुकुम पूर्व र म्याग्दीसँग जोडिएको छ। बेंसीका सम्म फाँटदेखि लेकका पाटनसम्म यहाँको भूगोल फैलिएको छ । ढोरपाटन सिकार आरक्ष, घुम्टेको लेक, गलकोट दरबार, पातीहाल्ने, तिलाचन ताल, रिघा ताल, बराह ताल, नौडल्ले पहाड, डुँडेको लेक, निलुवा, सहस्रधारा झरना, टेउवा मूर्तिकला सङ्ग्रहालय, सोलेडाँडालगायत यहाँ मुख्य पर्यटकीय क्षेत्र हुन् ।

जिल्लाको मौलिक पहिचानका रुपमा रहेका बुट्टेनली, नेपाली हाते कागज, राडीपाखी, भाँगो आदि यहीँ पाइन्छन् । कुनै ताका तामाखानी चलाएका छन्त्याल जातिको बसोबास यहाँ छ । तमानखोला गाउँपालिकामा पर्ने लाम्मेलाखानी, गुर्जाखानी, खुङ्खानी, बोङ्खानी, घोसाखानी, घैयाखानीलगायत 'उपल्लो बाइस खानी' अन्तर्गत थिए । ती ठाउँमा अहिलेपनि तामाखानीका तोबा (प्वाल), सुरुङ र अवशेष भेटिन्छन्।स्थानीयवासीका अनुसार पुस्तौंदेखि चलेका तामाखानी श्री ३ चन्द्र शमशेरको पालामा विसं १९८१ देखि बन्द छन् । तत्कालीन सरकारले कर (भेजा उठाउने) नियम बसालेपछि गाउँलेले तामा निकाल्न छाडेका थिए । छन्त्यालहरुले रैथाने प्रविधिबाट तामा उत्खनन गर्थे । गाउँपालिका अध्यक्ष जोकलाल बुढा तामाखानी रहेको क्षेत्रको पहिचान र सूचीकृत गर्न पहल थालिएको बताउनुहुन्छ । तामाखानीको सम्भाव्यता अध्ययनपछि खोज र उत्खननका लागि पहल अगाडि बढाउने गाउँपालिकाको योजना छ । यस क्षेत्रमा बसोबास गर्ने जातजातिका आफ्नै मौलिक संस्कृति र रहनसहन छ । ताराखोलाको सिस्नो खोस्ने पर्वदेखि निसीखोलाको पुतली नाच, गलकोटको सती घाटुदेखि ढोरपाटनको झाँक्री नाचसम्म यहाँका सांस्कृतिक धरोहर हुन् । यस क्षेत्रमा क्षेत्री, ब्राम्हण, जनजाति, दलित आदिको मिश्रित बसाबोस छ । बागलुङ-२ मा गलकोट नगरपालिका, ढोरपाटन नगरपालिका,ताराखोलागाउँपालिका, बडिगाड गाउँपालिका, तमानखोला गाउँपालिका र निसीखोला गाउँपालिकामा समेटिएको छ ।

यस क्षेत्रमा कुल ९६ हजार ३३५ मतदाता रहेको निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत ऋषिराम रिजालले जानकारी दिनुभयो । तीमध्ये महिला मतदाता ४८ हजार २०५ र पुरुष मतदाता ४७ हजार १३० छन् । यस क्षेत्रमा ५९ मतदानस्थल र ११५ वटा मतदान केन्द्र छन् । विसं २०४८ को आमनिर्वाचनमा यस क्षेत्रमा नेपाली कांग्रेसका ओमप्रसाद गौचन विजयी हुनुभएको थियो ।

विसं २०५१ र २०५६ को निर्वाचनमा राष्ट्रिय जनमोर्चाका परी थापा, विसं २०६४ को संविधानसभा निर्वाचनमा नेपाली कांग्रेसका नीरज पुन, विसं २०७० को दोस्रो संविधानसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसका ज्ञानकुमारी छन्त्याल विजयी हुनुभएको थियो । विसं २०७४ को निर्वाचनमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टीका तर्फबाट देवेन्द्र पौडेल र विसं २०७९ को निर्वाचनमा नेकपा (माओवादी केन्द्र) का तर्फबाट पुनः पौडेल नै विजयी हुनुभएको थियो ।

यसपटकको निर्वाचनमा नेपाली कांग्रेसका टेकराज पौडेल, नेकपा (एमाले) बाट मञ्जु शर्मा चालिसे, नेपाली कम्युनिष्ट पार्टीका ज्ञामनाथ गैरे 'अनिल', राष्ट्रिय स्वतन्त्र पार्टीका सोम शर्मा र राष्ट्रिय प्रजातन्त्र पार्टीका अञ्चल शाही उम्मेदवार रहनुभएको छ । जनता समाजवादी पार्टीका पूर्णबहादुर घर्ती, मङ्गोल नेशनल अर्गनाइजेसनबाट जुनबहादुर थापामगर, नेपाल मानवतावादी पार्टीका टेकप्रसाद कामी, नेशनल रिपब्लिक नेपालबाट नरबहादुर बुढा, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट पदमबहादुर कुवँर, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट लोकेन्द्र घिमिरे र श्रम संस्कृति पार्टीबाट हर्कबहादुर पुन चुनावी मैदानमा हुनुहुन्छ ।

# नेरेसो पोखरा-३२ को १६औँ वार्षिक साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ




'मानवताको पक्षमा' भन्ने नाराका साथ नेपाल रेडक्रस सोसाइटी (नेरेसो) पोखरा महानगरपालिका वडा नं. ३२ उपशाखाको १६औं वार्षिक साधारणसभा आज संस्थाको आफ्नै भवनमा सम्पन्न भएको छ।

साधारणसभाको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा पोखरा महानगरपालिका वडा नं. ३२ का वडाध्यक्ष अक्कल बहादुर कार्कीले रेडक्रसले प्राथमिक उपचार, विपद् तथा प्रकोपको समयमा राहत तथा उद्धार कार्य गर्दै आएको उल्लेख गरे । उनले विपन्न तथा असहाय परिवार हरूको अवस्थालाई मध्यनजर गर्दै मानवीय क्षति न्यूनीकरणमा रेडक्रसले उल्लेखनीय योगदान पुऱ्याउँदै आएको बताए। साथै, संस्थाको निर्माणाधीन पक्की भवनका लागि नपुग रकममध्ये १५ लाख रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । सो अवसरमा नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला उपसभापति रमा देवी न्यौपानेले कास्की जिल्लाभर सक्रिय रहेका ४८ वटा उपशाखामध्ये पोखरा-३२ उपशाखा सबैभन्दा क्रियाशील रहेको बताइन्। उनले पुण्यकार्यस्वरूप आफ्नै पक्की भवन निर्माण गर्नु संस्थाको ठूलो उपलब्धि भएको उल्लेख गर्दै शुद्ध मानवीय सेवामा समर्पित रेडक्रसलाई सबैको सहयोग आवश्यक रहेको धारणा राखिन् ।

साथै, प्रादेशिक रक्तसञ्चार केन्द्रको स्थापना भएसँगै विपद्को समयमा रगत निःशुल्क उपलब्ध हुँदै आएको र पछिल्ला तीन वर्षदेखि जिल्लामा रगतको अभाव नदेखिएको जानकारी गराइन्। "जहाँ विपद् हुन्छ, त्यहाँ रेडक्रस हुन्छ" भन्ने भनाइलाई आत्मसात् गर्दै संस्था अघि बढिरहेको उनले बताइन् । कार्यक्रममा निवर्तमान अध्यक्ष किसान परियार, कास्की उपशाखाका शुभास अधिकारी, समाजसेवी श्रीप्रसाद पन्थी, मोहनकुमार प्रधान, हरीप्रसाद खनाल लगायतले रेडक्रसको उद्देश्य, भूमिका र सामाजिक सेवामा यसको महत्वबारे मन्तव्य व्यक्त गरेका थिए। सोही अवसरमा उपशाखाका सभापति विन्दुराज तिवारीले आफ्नो कार्यकालको प्रगति प्रतिवेदन प्रस्तुत गरे भने कोषाध्यक्ष कृतिराज खनालले आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन सचिव विष्णु बहादुर बस्नेतले गरेका थिए ।

# निर्वाचन आचार संहिताको पालना गर्ने उम्मेदवारको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ माघ

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा म्याग्दीका उम्मेदवार हरुले निर्वाचन आचार संहिताको पालना गर्ने र जिल्लाको समग्र विकासमा सबै दलहरुबीच एकताबद्ध भएर लाग्ने प्रतिबद्धता जनाएका छन् ।

म्याग्दी जेसीजद्वारा शुक्रवार बेनीमा आयोजित प्रतिनिधि सभा सदस्य उम्मेदवारहरुसंग पत्यक्ष संवाद कार्यक्रममा विभिन्न राजनीतिक दलबाट उम्मेदवारका प्रत्यासिले यस्तो प्रतिबद्धता जनाएका हुन् । कार्यक्रममा नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले म्याग्दीको विकाससंगै शिक्षा, स्वास्थ्य र रोजगारीलाई मुख्यएजेण्डा बनाएर आफू चुनावमाहोमिएको बताउनुभयो । उहाँले मुलुकमा बदलिँदो अवस्थाअनुरुपकाँग्रेस बदलिएको जनाउँदै मुलुकबदल्ने अभियानको नेतृत्व पनि काँग्रेसले गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हामीविकास, समृद्धि र सुशासनलाई एकैसाथ अघि बढाउन चाहन्छौं, पार्टीभित्रको समस्याहल गरेर हामीमुलुकको समस्या समाधानमा केन्द्रित भएका छौं, आगामी संसदमानीतिनिर्माण गर्ने कार्यमा सक्रियतापूर्वक लाग्न र जिल्लाको विकासलाई थपगतिदिन हामीलाई जनताले मतदानगर्ने अपेक्षा गरेका छौं ।"

कार्यक्रममा नेकपा (एमाले) म्याग्दीबाट उम्मेदवार हरिकृष्ण श्रेष्ठले म्याग्दीको विकासका सवालहरुलाई चुनाबी घोषणापत्रमा समेटेर अघि बढ्न विज्ञ सहितको टिमबाट चुनाबी घोषणा पत्रतयारी गरेको बताउनुभयो । उहाँले कानुननिर्माण, सरकार गठन र बजेट तथाकार्यक्रमनिर्माणको क्षेत्रमा आफूले सक्रियभुमिका खेल्ने प्रतिबद्धता जनाउँदै जिल्लाको कृषि, शिक्षा, सडक, पूर्वाधार लगायतको क्षेत्रमाआबश्यक सुधारको लागिमुख्यएजेण्डा तय गरेको बताउनुभयो । कार्यक्रममा, नेकपा (माओवादी)का क्षेत्रबहादुर घिमिरेले जिल्लामा एकीकृत गुरुयोजना बनाएर विकास निर्माण गर्न, शिक्षा, स्वास्थ्यउपचार लगायतलाई राज्यको मातहत राख्दै भष्ट्राचार निवारण र सुशासनका लागि आफूलाई मतदानगर्न आह्वानगर्नुभएको छ । कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार युवराज रोका, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार डम्मरबहादुर सुवेदी, प्रगतिशिल लोकतान्त्रिक पार्टीका देवेन्द्र कामी, श्रम संस्कृति पार्टीका विनोद राना, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्माले समेत जिल्लाको पूर्वाधारनिर्माण, सुशासनरमुलुकको आबश्यकताअनुसारको काननु निर्माणका लागि संसदमाप्रभाबकारी भूमिका खेल्न आफूहरु उम्मेदवार बनेर आएकोमाजोड दिनुभएको थियो । कार्यक्रममा उम्मेदवारले सहभागीहरुले उठाएका प्रश्न र जिज्ञासाहरुको उत्तर दिनुभएको थियो । म्याग्दी जेसीजका शाखाअध्यक्ष दिनेशकुमार विश्वकर्माले उम्मेदवारबीच मैत्रिपूर्ण प्रतिस्पर्धाको वातावरण सिर्जना, निर्वाृचन आचार संहिताको पालना, जनताका प्रश्नप्रति उत्तरदायी बनाउँदै जिल्ला र मुलुकको विकास र समृद्धिमा उम्मेदवारका प्रतिबद्धता खोज्न कार्यक्रमले रचनात्मक भूमिका खेल्ने बताउनुभयो ।

म्याग्दीमा एक जना स्वतन्त्र र १२ जना राजनीतिक दलको उमेदवारी कायम रहेको छ । निर्वाचनकालागि एक निर्वाचन क्षेत्र र छ स्थानीय तह रहेको जिल्लामा ८६ हजार ३९७ जनामतदाता छन् । बयासी मतदान स्थल र १२० वटा मतदान केन्द्र कायम छन् ।

# हिमपातले अवरुद्ध कोरला सडकको हिउँ पन्छ्याइँदै

**रासस**
मुस्ताङ, १७ माघ



भारी हिमपातका कारण बुधबारदेखि अवरुद्ध बनेको माथिल्लो मुस्ताङ जोड्ने (कागबेनी-कोरला) सडकको बाक्लो हिउँ पन्छ्याउन सुरु भएको छ । शुक्रबारदेखि कोरलानाका जोड्ने सडकको हिउँ पन्छ्याउन सुरु गरिएको हो ।

अवरुद्ध नेपाल-चीन जोड्ने कोरला सडकअन्तर्गत आज बिहानदेखि हिउँ पन्छाएर लोमान्थाङसम्मको सडक सञ्चालनमा ल्याइएको छ । जिल्ला प्रशासन कार्यालयसहित लोमान्थाङर लोघेकर दामोदरकुण्ड गाउँपालिकाको संयुक्त पहलमा कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनाको उपकरण प्रयोग गरी मुस्ताङको छुसाङदेखि लोमान्थाङसम्म सडकको हिउँ सफा गरिएको हो। लोमान्थाङदेखि कोरलानाकासम्मको२५किलोमिटर सडकको हिउँ पन्छ्याउने काम भइरहेको सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी)का सशस्त्र प्रहरी निरीक्षक सुरज श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार करिडोर सडकको उपकरणसहित सशस्त्र प्रहरी टोलीले कोरला नाका सडकको हिउँ पन्छ्याउन जुटेको जानकारी दिनुभयो । यसअघि मङ्गलबार राति माथिल्लो मुस्ताङमा भारी हिमपात हुँदा कागबेनी-कोरला सडकमा दुई फिटभन्दा बढी हिउँ जमेको थियो । सोही कारण जोमसोम-कोरला सडक पूर्ण रुपमा अवरुद्ध हुन पुगेको थियो । भारी हिमपातका कारण माथिल्लो मुस्ताङको कोरला सडक अवरुद्ध हुँदा स्थानीय नागरिक, सुरक्षाकर्मी, पर्यटक, व्यापारीहरु र निर्वाचनका लागि मतदान केन्द्र तथा मतदानस्थलको अनुगमनकार्य खटिएकाहरुलाई कठिनाइ भइरहेको छ । शुक्रबार कोरला सडक आयोजनाको सडक खन्ने उपकरणले मुस्ताङको छुसाङदेखिमाथिकोरलानाकासम्मको सडकमा जमेको हिउँ पन्छ्याउने काम भइरहेको आयोजनाले जनाएको । यसैगरी कोरला सडक आयोजनाको सम्पूर्ण खर्च व्यवस्थापन गर्नेगरी लोमान्थाङ गाउँपालिकाको सडक खन्ने उपकरण डोजरले लोमान्थाङबाट तल सडकमा जमेको हिउँ पन्छाइएको थियो ।

हिमपातले अवरुद्ध कोरला सडकलाई जतिसक्दो छिटोछरितो रुपमा सञ्चालनमा ल्याउने गरी आयोजनाले दुई वटा डोजर एकैसाथ तल र माथि परिचालित गरी लोमान्थाङसम्मको सडक सञ्चालनमा ल्याइसकेको र लोमान्थाङदेखि कोरलानाकासम्म सडकको हिउँ पन्छाउनु सुरु गरिएको आयोजना प्रमुख तेजस्वी शर्मालै जानकारी दिनुभयो ।

सडक अवरुद्धका कारण माथिल्लो मुस्ताङको जनजविन प्रभावित बनेकोमा शनिबारदेखि माथिल्लो क्षेत्रको जनजिवन सामान्यीकरण बन्दै गएको आयोजना प्रमुख शर्माको भनाइ छ । अवरुद्ध सडक सञ्चालनमा आइसकेकाले माथिल्लो मुस्ताङमा खाद्यान्न ढुवानी गर्न सहज भएको आयोजना प्रमुख शर्माले बताउनुभयो । हिमपातले अवरुद्ध माथिल्लो मुस्ताङस्थित लोमान्थाङ सडकसम्मको सडक सञ्चालनमा आइसकेको छ । लोमान्थाङदेखिकोरलानाकासम्मको २५ किलोमिटर दूरीमा रहेको सडकको हिउँ पन्छाउने काम शनिबारदेखि सुरु गरिएको आयोजनाले जनाएको छ। त्यहाँ पनि आयोजनाले डोजर परिचालित गरी एक दुई दिनभित्र सडक सञ्चालनमा ल्याउने गरी काम गरेको आयोजना प्रमुख शर्माले बताउनुभयो । यसअघि स्थानीय प्रशासन र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको पहलमा हिमपातले अवरुद्ध कागबेनी-मुक्तिनाथ सडक सञ्चालनमा ल्याइएको थियो ।

# म्याग्दीमा आठ सय ६१ जना निर्वाचन प्रहरी छनोट

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ माघ

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि म्याग्दीमा ८६१ जना निर्वाचन प्रहरी छनोट भएका छन् ।

जिल्ला प्रहरी कार्यालय म्याग्दीअन्तर्गत ५६५ जना र सशस्त्र प्रहरी बल आश्रित गुल्म गलेश्वरअन्तर्गत ९६ जना निर्वाचन प्रहरी छनोट भएका हुन् । शारीरिक परीक्षण र लिखित परीक्षामार्फत छनोट भएका निर्वाचन प्रहरीहरूलाई नियुक्तिका लागि शनिबार सम्पर्कमा बोलाइएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले जानकारी दिनुभयो । निर्वाचन प्रहरीको वैकल्पिक सूचीमा छनोट भएका २८६ जनामध्ये २१२ जना छिमेकी जिल्ला बागलुङमा पठाइने उहाँले बताउनुभयो । छनोट भएका निर्वाचन प्रहरीहरूका लागि आइतबारदेखि तालिम सञ्चालन गरिने भएको छ । बेनी र इलाका प्रहरी कार्यालय रहेको मालिका गाउँपालिकाको केन्द्र दरवाङमा तालिम सञ्चालन गरिने प्रनाउ थापाले बताउनुभयो । फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको शान्ति सुरक्षाको ब्यवस्थापनमा खटिने नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई सघाउनका लागि निर्वाचन प्रहरी नियुक्त गर्न लागिएको हो । छ वटा स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा ४२ हजार ३३२ पुरुष र ४४ हजार ६४ जना महिला र एक जना अन्य गरी कूल ८६ हजार ३९७ जना मतदाता कायम भएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । जिल्ला सुरक्षा समितिले म्याग्दीमा कायम भएका ८२ मतदानस्थलमध्ये आठ वटालाई अति संवेदनशील, २९ वटालाई संवेदनशील र ४५ स्थललाई सामान्य वर्गमा विभाजन गरेर निर्वाचन सुरक्षा रणनीति बनाएको सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले बताउनुभयो । मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापा, प्रजिअ आचार्यसहित सुरक्षा अधिकारीहरूको टोलीले मतदानस्थलको निरीक्षण कार्यलाई अन्तिम चरणमा पुऱ्याएको छ । प्रतिनिधिसभामा एक, प्रदेशसभामा दुई, छ वटा स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा ८२ वटा मतदानस्थलमा १२० मतदान केन्द्र कायम भएको छ । म्याग्दीमा एक स्वतन्त्र र ११ जना राजनीतिक दलका उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी, नेकपा एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापा र स्वतन्त्र उम्मेदवार महाविर पुन मुख्य प्रतिस्पर्धीका रुपमा रहनुभएको बताइएको छ ।